# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७७/०७८

चलानी नं.: 3993

मितिः २०७७।११।१९

**विषयः आधारभूत तह (कक्षा-८) को अन्तिम परीक्षाको आवेदन फाराम भराउने सम्बन्धी सूचना ।**

श्री कक्षा-८ सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
बनेपा नगरपालिका, बनेपा, काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा आधारभूत तहको अन्तिम परीक्षा समितिको मिति २०७७।११।१९ गतेको निर्णय अनुसार यस शाखाबाट यस शैक्षिक सत्रको आधारभूत तह (कक्षा-८) को परीक्षा रजिष्ट्रेशन फाराम बनेपा नगरपालिकाका कक्षा-८ सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यस शाखाबाट बुझिलिनु हुन र तहाँ विद्यालयमा यस शैक्षिक सत्रमा कक्षा ८ मा नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुको आवश्यक विवरणहरु **IEMIS 2077** को आधारमा हुने भएकोले आ-आफ्नो विद्यालयको नाम र विद्यार्थीको व्यक्तिगत विवरण (विद्यार्थीको नाम, थर, जन्म मिति, बाबु-आमाको नाम थर र अन्य विवरण समेत) जन्म दर्ताको आधारमा पछिसम्म फरक नपर्ने गरी रुजु गरी शुद्धाशुद्धी हेरी पुनः **Upload** गरी सो को हार्ड कपी प्रधानाध्यापकले प्रमाणित गरी १ प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०७७।१२।६गते भित्रमा फाराम भरी अनिवार्य रुपमा बुझाउनु हुन, **Upload** सम्बन्धमा कुनै समस्या भएमा **siksasakha877@gmail.com** मा mail गर्नुहुन र अन्य विषयमा तपसिल अनुसार गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

१.संस्थागत विद्यालयहरुको हकमा प्रति विद्यार्थी रु. ३००।- का दरले बनेपा नगरपालिकाको राजस्व शाखामा रकम जम्मा गरी सो रसिदको सक्कल प्रति मिति २०७७।१२।६ सम्म बनेपा नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ ।

२. विद्यार्थीको नाम, जन्म मिति र बुबाको नाम, जन्म दर्ताको आधारमा पठाउनु पर्नेछ । साथै जन्म दर्ताको सक्कल प्रमाण पत्र हेरी प्रधानाध्यापकले प्रतिलिपी (फोटोकपी) रुजु गरी प्रमाणित समेत गरी जन्म दर्ताको १ प्रति प्रतिलिपी (फोटोकपी) पनि अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७७/०७८
चलानी नं.: ३११३

मितिः २०७७।११।१९

३. विद्यार्थीको जन्म मिति २०६५।१२।३० भन्दा अगाडिकोले मात्र यस परीक्षामा सहभागी हुन पाउने हुँदा सो अनुसारको मात्र पठाउनु हुन समेत जानकारी गराइन्छ । अन्यथा भएमा प्रधानाध्यापक स्वयम् जिम्मेवार हुने व्यहोरा जानकारी गराइन्छ ।
४. परीक्षा कार्यक्रम तथा समय तालिका बनेपा नगरपालिकाको वेभसाइटमा पछि प्रकाशन गरिनेछ ।
५. परीक्षा आवेदन फाराम यस नगरपालिकाको वेभसाइटमा राखिएकाले डाउनलोड गरी भराउनुहुन जानकारी गराइन्छ ।
६. कक्षा ८ मा अध्ययनरत प्रत्येक विद्याथीसंग फाराम भराउँदासम्म हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो लिनुपर्ने छ ।
७. नाम र थर लेख्दा छोटकरीमा नलेखी पूरा रुपमा नै लेख्नुपर्ने छ । जस्तै **pd.** नलेखी **Prasad** लेख्नुपर्छ ।
८. परीक्षार्थीहरुको **सिम्बोल नं. IEMIS** मा रहेको विद्यार्थीहरुको **Reg. ID.** नै राख्नुहुन अनुरोध गरिन्छ ।
९. तहाँ विद्यालयमा परीक्षा सम्बन्धी काम गर्ने सम्पर्क व्यक्ति लिखित रुपमा तोकी सम्पर्क नम्बर सहित सो को जानकारी दिनुहुन अनुरोध गरिन्छ ।
१०. परीक्षार्थीहरुको विवरण ग्रेडसिटमा पछि फरक पर्न गएमा विद्यालय स्वयम् जिम्मेवार हुनुपर्ने समेत स्मरण गराइन्छ ।

०७७।११।२०

(कविराज उप्रेती)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा :-Website मा UPload गर्नुहुन ।
श्री प्याब्सन/एन प्याब्सन बनेपा :-सूचना सम्प्रेषण गर्नुहुन ।